CC-0. In Public Domain. Digitization by eGangotri



H 6 41

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेनपाती

वासुदेव शर्मा लुइँटेल

रूपायन प्रकाशन

काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रक
व्यास प्रेस
१९/३५० टङ्गाल, काठमाडौं।

पहिलो पटक १,००० थान

मोल:— एक रूपियाँ

सर्वाधिकार लेखकको

रूपायन प्रकाशन
पो.ब.नं. १६९ ज.पो.अ.
काठमाडौं

२०२४ असोज

जम्मा पाना ५४

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेनपाती !

जगत्भरिका फूलहरूको नाम मात्र जम्मा गर्ने होभने पनि योभन्दा धेरै ठूलो पुस्तक तयार हुन्छ । अझ प्रत्येक फूलको बयान गर्नपट्टि लाग्ने होभने त कैयन् ठेली बन्ने हुन्, ठोकेर भन्न सकिदैन । त्यसैले त्यसबारे बक्न थालेर 'नानीभन्दा नाना ठूलो' पार्नपट्टि नलागौं

भीमसेनपाती पनि एक किसिमको फूलको रूख हो । यो जहिले जहाँ पनि उम्रन्छ । विशेष प्रकारको मलजलको खाँचो पर्दैन, आफैं हलक्क बढ्दछ । यसको फूल मात्र होइन पात पनि पूजाआजामा चढ्दछ । जरादेखि हाँगाबिंगासम्म घोटेर चन्दन बनाई चढाउने चलन पनि छ । यति हुंदाहुंदै पनि फूलको मर्यादाक्रममा 'क' को त कुरै छोडौं, 'म' भन्दा पनि मुनि पर्छ यो, – बाह्रै महीना बाह्रै काल जतातै पाइने भएर होला । मिठाइहरूमा जङ्गीसेल भने जस्तै फूलहरूमा भीमसेनपाती भनिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेनपाती (नारायणपाती) को गन्ध पनि एक किसिमको हुन्छ। न त्यो कपूरपातीको जस्तो सुगन्ध नै हो, न त तीतेपातीको जस्तो दुर्गन्ध नै। कुरा कोट्टचाउनु भन्दा छोट्टचाउनु निको! नत्र भीमसेनपातीका पातपातमा कैयन् कुराका प्रतीकहरू पाइन्छन्। यस्तै यस्तै के के कुरा शोचेर यो संगालोको नाम पनि भीमसेनपाती राखिएको हो। आपनो इज्जत बढाउन होइन, तपाईको हातमा थमाउन तयार गरिएको यो भीमसेनपाती!

— वासुदेव शर्मा

CC-0. In Public Domain. Digitization by eGangotri

पाती टिप्नुभन्दा अघि –

'भूत छैन' ले भूतको भिनाजुलाई जन्मायो। म उसलाई चिन्दिनथें। तर भूतको भिनाजु ! पक्कै डरलाग्दो मान्छे हुनुपर्छ —अडकल काटें। (उति बेला उपनाम पनि राखिन्छ भन्ने मेरो बच्चो बुद्धिले ठम्याइसकेको थिएन।) पछि त्यो भूतसित साक्षात्कार भयो। भूत रहेछ तपाईं हामी जस्तै मान्छे —अर्थात् वासुदेव शर्मा लुइँटेल।

भूतको हाउ गयो।

मैले ठम्याएँ – मान्छे भूत हुन सक्तोरहेछ, होइन, भूत भइदिंदो-रहेछ मान्छे; भूत अर्थात् हाउ। यो हाउ कति (अपराधी वा कमजोर ?) मानिसहरूको मनमा गडेर भूतै भई अङ्कित भएको होला। हो, यही अङ्कित हुनसक्ने हाउ हो भूतको भिनाजु। त्यसैले उसका बोलीहरू भूतको आवाज जस्तै लागेर कसैलाई तर्साउने बन्न सक्छ। अथवा उसका शब्दहरू बुलेट जस्तै लाग्ने र काँड़ा जस्तै बिझने भइदिन सक्छ। अथवा ..... होइन, यो केटाकेटी तर्साउने भूत होइन। अर्के क्यै हो – कसो बुझिंदिदैनन् ! त्यसैले उसका गेडाहरूमा ताल मिला-उने र भाउमा अर्थ खोज्ने गर्छन् र सबैको संयोगमा (बुझेरै हुनुपर्छ) रस लिई आनन्दित हुन्छन् !

CC-0. In Public Domain. Digitization by eGangotri

साँचो कुरा के भने मान्छेमै कुनै कमजोरी नभई मान्छे आफै डराउँदैन । यी कमजोरीहरू नै हुन् भूतको भिनाजुको सामग्री तथा उसको कुकुरडाइने लट्ठी ।

भूतको डर र त्रासले आतंकित भएर यदि नडराउनको लागि उसबाट आपना दोषहरू र कमजोरीहरू हटाउन कोही प्रेरित हुन्छ भने त्यो भूतले प्रत्येकको मुटु समाओस् ! कसैलाई आनन्द र सन्तोष दिन्छ भने यो उसको वैयक्तिक नभएर सामाजिक हुनजान्छ ।

तसर्थ भूत क्यै होइन भूत उभ्याइन्छ आफैले आफैमा विभिन्न कमजोरी जन्माएर । भूतको भिनाजुले त्यसलाई टिपे, त्यसलाई गाँसे यही 'भीमसेनपाती' मा सजाएर ।

'भीमसेनपाती' कविताहरूको संगालो हो । यो कविता नयाँ होइन, त्यस कारण पुरानो पनि भन्न मिल्दैन । यो कविता हो — यति नै प्रशस्त छैन र ? हैन भनिदिएर पुग्ने हो भने दुवै हो — नयाँ पनि, पुरानो पनि । किन कंजुसी गर्नु ? किनभनें यसले कविताको धर्म छाड्देको छैन । हरएकले आपनो क्षेत्रभित्र बसेर त्यस धर्मको पालन राम्ररी गर्न सकेको छ भने त्यस नाउँको हकदार स्वयं त्यो हुन्छ ।

प्रस्तुत कविताको धर्म हो हास्य र व्यंग्य सृष्टि गर्नु । त्यसकारण हास्य र व्यंग्य नै यस्ता कविताको मुटु हुनाले यो नै पहिलो आवश्यकता ठहरिन्छ । अनि प्रत्येक हाँसो तथा व्यंग्यले नयां वा पुराना विचारका मानिसलाई एकनासले छुन्छ भने यो त्यसको शाश्वत स्वरूप हो — कविता हुनुको ग्यारेन्टी । यही हकको हकदार यस्का कविताहरूलाई ग ठान्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालीमा हास्य वा व्यंग्यको कविता लेखेर भूतको भिनाजुले निक अधिदेखि यो खाँचो टार्ने जमकों गर्दै आएका हुन् । र यो प्रयत्न अहिले-सम्म विद्यमान नरहेको भए हास्य-व्यंग्य सम्वन्धी यो प्रकाशनले कुनै योजनाको रूप लिन सक्ने नथ्यो । त्यस कारण प्रस्तुत संग्रहसितको भेट पनि हुन्नथ्यो ।

नेपालीमा हास्य र व्यंग्य साहित्य अरुको दाँजोमा छंदै छैन होइन, तर धेरै पछि र धेरै अल्छी चालको छ । यसको विकास स्वयं कवि-लेखकहरूमा निर्भर नभएर, स्वतन्त्रतासित सम्वन्धित पक्ष पनि यो हुनाले सुहाउँदो परिस्थितिको खाँचो पर्छ । हास्यको सांस्कृतिक परम्परा रहे पनि साहित्यमा त्यसको शिष्ट जग बस्न सकेन र अनुदार व्यवस्थामा व्यंग्य साहित्यले फस्टाउने मौका नै पाउँदैन ।

वास्तवमा हास्य र व्यंग्य साहित्यको अभिन्न अंग हो । अब यो भाव प्रकाशनको माध्यम भएर शैलीमा परिणत भइसक्यो । यसको अभावमा साहित्य नै खल्लो र न्यास्रो लाग्न थाल्छ । अथवा त्यो एउटा संजाप हो जसले वर्णन गरिने वस्तुमा सौन्दर्य थपेर त्यसलाई प्रेय र श्रेयले ग्राह्य तुल्याउँछ । अथवा रोचकता, धारिलोपन र चेतनताको तीव्र अनुभूति वोध गराउने सबैभन्दा गहकिलो र सबैभन्दा तीखो शैली हो । वर्तमान साहित्यमा व्यंग्य त आत्मा जस्तै टाँसिन पुगिसक्यो । किनभने यो जीवन नै एउटा व्यंग्य जस्तो लाग्छ — यो समाज, यो गतिविधि, यी व्यवहारहरू, यो मान्छे र यो सभ्यता -सबै आफूमा एक एकओटा व्यंग्य बोकेको प्रतिमूर्ति जस्तो । त्यसैले आधुनिक अनुभूति मानिसको लाशमाथि बनेको सभ्यता हो भने आधुनिक साहित्य संपूर्ण मनुष्यप्रति गरिएको अवहेलनाहरूको व्यंग्य-भण्डार हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

साथै छुट्टै पनि यसको आफ्नो अस्तित्व छ । जति हाँसो वा व्यंग्य-को तहमा सबै क्रियाकलापलाई हेर्ने र टिप्ने गरिन्छ त्यति बेलाको साहित्य निश्चय नै हास्य वा व्यंग्यमा व्यक्त हुनेछ । 'भीमसेनपाती' यस्तै स्वतन्त्र अस्तित्व बोकेको त्यस क्षण र घडीको कविता हो जहाँ जीवनका यथार्थहरू हाँसो र व्यंग्यमा ओर्लेर कानेखुसी गर्छन् र एउटा सत्य उभ्याएर हामीलाई हामीसितै परिचय गराइदिन्छ ।

'भीमसेनपाती' ले यो अभाव पूरा गर्न खोजेकोमा वासुदेव स्टुडेन्टेलज्युलाई पेश्की धन्यवाद छ ।

— कृष्णचन्द्र सिंह प्रवान
ताहाचल

CC-0. In Public Domain. Digitization by eGangotri

अनि, यो पनि एउटा –

आफ्नो कच्चै उमेरमा रूपायन प्रकाशनले केही सच्चै कोसेली नेपाली साहित्यलाई दिएको छ।

'सोरठी' का सोह्रै छटामा हरिहरराज जोशीले गर्नु-भएको लेखाजोखा,—

लोकप्रिय गीतकारहरूका मधुरतम गीति कविताहरूको बिटो 'गीतिका'—

आधुनिक नेपाली कविताका ठुल्दाइ मोहन कोइरालाको काव्य – सरिता —

नेपाली साहित्यका नामूद स्रष्टाहरूसित उत्तम कुँवरले लिएका अन्तरवार्ताहरूको संगालो 'स्रष्टा र साहित्य,—

अनि दुइटा उपन्यास— शंकर कोइराला र ध्रुवचन्द्र गौतमको— 'कलाकार' र 'अन्त्यपछि'— देख्नु भएकै छ, हामीले प्रकाशित गरिसक्यौं।

यसै लहरमा नेपाली साहित्यलाई यो एउटा भीमसेन-पातीको माला पनि किन नचढाऊँ? छाँटिरहने आवश्यकता नै छैन –हास्यव्यंग्यात्मक कृतिहरूले हाम्रो साहित्य कंगाल छ भनेर।

नेपाली हास्य व्यंग्य साहित्यको छोटो मीठो इतिहासमा भूतको भिनाजुले पनि निकै अगिदेखि टाकनटुकन डुठा फाल्दै आउनु भएको सबैले देखेकै हो। उहाँको दृष्टिमा यो कुनै काम नै होइन रे, तर हाम्रो दृष्टिमा योपनि कम गाह्रो काम होइन।

त्यसैले टिपनटापन पारी सानै भए पनि पुस्तकको रूपमा यो छाप्न सकेकोमा हामी पहिले आफैलाई धन्यवाद दिन्छौं, अनि करकर गर्दा गर्दा छाप्ने अनुमति दिने लेखकलाई।

अरु कोसेली सरह 'भीमसेनपाती' पनि पाठकमा राम्ररी चढिदिए प्रयास सफल मान्ने हाम्रो धोको त छँदैछ।

— रूपायन प्रकाशन

CC-0. In Public Domain. Digitization by eGangotri

गुन मानेको छु !

(क) गाताको नक्सा कोरिदिने सहकर्मी साथी
इन्द्रनारायण मानन्धर,

(ख) हास्य - व्यंग्य - बत्ती बालिदिने सहधर्मी साथी
कृष्णचन्द्र सिंह प्रधान,

(ग) सबै चाँजोपाँजो मिलाइदिने सहमर्मी साथी
भैरव अर्याल,

(घ) प्रेस सम्बन्धी सम्पूर्ण कामको जिम्मा लिने सहशर्मी साथी
रोचक घिमिरे

र

(ङ) मंहगीको पर्वाह नराखी खर्च बेहोर्ने साहित्यिक संस्था
'रूपायन प्रकाशन'

सबैको गहिरो गुन मानेको छु।

— वासुदेव

× × × ×

संवन्धित पत्रपत्रिकाका संपादकहरू त धन्यवादका
अंशियार नै भए !

CC-0. In Public Domain. Digitization by eGangotri

के ?		कहाँ ?
(क)	गाउँले – गुण्डा	१
(ख)	पिपा टोलायो !	२
(ग)	मान्छे हराए !	४
(घ)	मन्दिरको जीर्णोद्धार भएर के भयो ?	६
(ङ)	तीन फुकुवाले दुनियाँ खाए !	१०
(च)	समानता	११
(छ)	चोर	१२
(ज)	यो नेपाल खाल्डो हो !	१३
(झ)	निम्तालुमा नाम दरिएन !!	१५
(ञ)	म अस्पताल भर्ना हुन्छु ! मान्छे भएर एक छिन बाँच्छु !!	१८
(ट)	बन्छ भने .....भन्छ	२०
(ठ)	के चाहन्छौ ?	२१
(ड)	भ्यागुते– भजनमाला	२२

CC-0. In Public Domain. Digitization by eGangotri

गुन मानेको छु !

(क) गाताको नक्सा कोरिदिने सहकर्मी साथी
इन्द्रनारायण मानन्धर,

(ख) हास्य - व्यंग्य - बत्ती बालिदिने सहधर्मी साथी
कृष्णचन्द्र सिंह प्रधान,

(ग) सबै चाँजोपाँजो मिलाइदिने सहमर्मी साथी
भैरव अर्याल,

(घ) प्रेस सम्बन्धी सम्पूर्ण कामको जिम्मा लिने सहशर्मी साथी
रोचक घिमिरे

र

(ङ) मंहगीको पर्वाह नराखी खर्च बेहोर्ने साहित्यिक संस्था
' रूपायन प्रकाशन '

सबैको गहिरो गुन मानेको छु।

— वासुदेव

× × × ×

संवन्धित पत्रपत्रिकाका संपादकहरू त धन्यवादका
अंशियार नै भए !

CC-0. In Public Domain. Digitization by eGangotri

के ? कहाँ ?

(क)	गाउँले – गुण्डा	१
(ख)	पिपा टोलायो !	२
(ग)	मान्छे हराए !	४
(घ)	मन्दिरको जीर्णोद्धार भएर के भयो ?	६
(ङ)	तीन फुकुवाले दुनियाँ खाए !	१०
(च)	समानता	११
(छ)	चोर	१२
(ज)	यो नेपाल खारुडो हो !	१३
(झ)	निम्तालुमा नाम दरिएन !!	१५
(ञ)	म अस्पताल भर्ना हुन्छु ! मान्छे भएर एक छिन बाँच्छु !!	१८
(ट)	बन्छ भने .....भन्छ	२०
(ठ)	के चाहन्छौ ?	२१
(ड)	भ्यागुते– भजनमाला	२२

CC-0. In Public Domain. Digitization by eGangotri

(ढ)	म लामो कुरो जान्दिन !	२४
(ण)	मेरो मगजमा कीरा परचो ?	२६
(त)	नैवेदच ! "जाग जाग"	२८
(थ)	भेटी ! "भाग भाग"	२९
(द)	साइत ?	३०
(ध)	किन ?	३२
(न)	हिजो – आज	३४
(प)	एक , दुई , तीन !!!	३५
(फ)	?	३७
(ब)	घर्तीको अर्ती !	३८
(भ)	म	३९
(म)	मलाई लाग्छ !	४०
(य)	बस् !	४१
(र)	भूत छैन	४२
(ल)	महाकाव्य	४३



CC-0. In Public Domain. Digitization by eGangotri

मंगलाचरण

"गर्छिन् पुकार आमा,
रोई – कराई जोड़ले,
होईन मेरो भन्छिन्–
सन्तान् थरी थरीका –"

– म० बी० वि० शाह

['चिठी – चपेटा' बाट]

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

"गाउँले – गुण्डा"

– वासुदेव शर्मा लुइँटेल

कपाल चारैतिर चट्ट काटी पानी लगाई सब त्यो तलासी
ऐना लिई आँ गरि ओठ-दाँत-जिब्रो-गिजा जाँचि पुछेर हात
जुँगा मुसारी मुखमा चुरोट–च्यापी डटेको ! नकटो छ कोट
मोजा कलेजी सुरुवाल सेतो कमीज नीलो पटुका पहेलो
चश्मा हरीयो गलेबन्द जाली जुत्तामहाँ खुब टलकन्छ काली
टोप्रेलको टोपी ढलक्क ढाली रुमाल रातो मुखमा छ लाली
ठाडो शिकारी खुकुरी भिरेर छड्के टिकोलाइ पिठो घसेर
कर्क्याइ आँखा मुखमा सुपारी - चपाउँदै दङ्ग परेर भारी
गालामहाँ चट्ट लगाइ हात थर्काउँछन् मण्डली मै समाज
यस्तो मजाको नकली म्यूर अहा !! बनूँ है म पनि हुजूर

['शारदा' वर्ष ८ संख्या १, १९९९ वैशाख].

CC-0. In Public Domain. Digitization by eGangotri

पिपा टोलायो !

[प्राकृतिक सौन्दर्यमा मुग्ध भएर]

– वासुदेव शर्मा लुइँटेल

कास्तो नीलो आकाशे
हेर्ना कान्जी पानीगो
खोला झार् झार् झारेगो
नाचूँ नाचूँ लागेगो !

भिके पुताली फिर् फिर् फिर्
फरचाग् फुहग् नाचेगो
चान्द्रे सूर्जे बालेगो
प्वाखै कान्जी क्या राम्रो !

आच्चे, कास्तो बोलेगो
कोहो कोहो कोइलीगो
ढुकुर ढाकुर ढुगुर्गो
साच्चै कान्जी क्याभागो ?

CC-0. In Public Domain. Digitization by eGangotri

लेना कान्जी मादलु
बजाउँ मैले ताल– धिङ् धिङ्
● जेवसाम जेवकाइ ङलाङराइ
※ पित्कौ वाइला झाटचारो ।

हागै नाच्यो फानाना
गार्छा मान झानाना
क्यातुगेगो फूलमा
रानू गार्छा हानाना

पूर्व आउँछ बातासे
बादलुमा आकाशे
लौना हेर्ना नाचेगो
कास्तो, गाठ्ये गुरा हो !

बोक्सी मालाइ लागायो
माना मेरो हरायो
लौना कान्जी मार्छा गि
मेरो माना क्याभागो ?

['डांफेचरी' रूख ६ फूल ५ वर्षा २०१५]

● जेबसाम–जे ता पर्ला । जेवकाइ–जे ता होला ।
ङलाङराइ– मैं खपुंला ।
※ पित्कौ - छोड्यौ । वाइला - गीतको

CC-0. In Public Domain. Digitization by eGangotri

मान्छे हराए !

– भूतको भिनाजु

(१)

बाटो भिचियो, मन्दिर थिचियो,
सारा कागत - पत्रै खिचियो,
बकस - पत्रमा कुरा खुलेन,
धन - धक्कुमा अड्डा भुलेन,
मानिएकाले मान देखाए,
छानिएकाले शान दर्शाए,
कुरा चर्क्यो, धनी झर्क्यो,
मिलाउन जाने मण्डलि फर्क्यो,
शहर सफाइ गर्ने कसिए,
ठाडा डण्डी भैंतिर घसिए,
कान – फुकुवाले निक्कै तर्साए,
सडक – ढुकुवाले इट्टा बर्साए,
ताप्के टोपी हुरिदै आए,
दर्शकहरूले बाटो – छाए,

CC-0. In Public Domain. Digitization by eGangotri

चड्कन पाए, लठ्ठी खाए,
मुर्दावादको नारा लगाए,
यौटै सरकार दुइटा देखे,
संपादकले टिप्पणी लेखे,
टुंडिखेलमा कौवा कराए,
मान्छे हराए ! मान्छे हराए !!

(२)

शासन गर्ने मेयरसाथि मुद्दा चलाए,
न्यायालयमा विचारीले बूँदा केलाए,
नव्य न्यायाधीश इजलासको इजलासमै बिलाए,
मूल ढोकामा झगडिया झुम्मे,
बागबजारमा कुकुर कराए,
मान्छे हराए ! मान्छे हराए !!

(३)

भूगोल – पार्कमा हल्लिरहेको,
पुरानो प्रेमीलाई देखेर,
जन – सेवा अगाडि,
नयाँ प्रेमीको खोजीमा
रल्लिरहेकी प्रेमिकाले
मुन्टो बटारिन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वाह्र - मज्जा वेच्ने बाजे
जोडसंग कराए,
मान्छे हराए ! मान्छे हराए !!

(४)

अमृगणले तस्वीर खिचे,
कम्पूहरूले गौचर मिचे,
सिद्धपोखरीमा गिद्ध बसे,
इनार भित्र सुङ्गुर खसे,
मन्दिर खोली पोडे पसे,
सूर्यविनायक आफैं डराए,
चरिरहेका गधा कराए,
मान्छे हराए ! मान्छे हराए !!

(५)

जाउलाखेलको दर्बार भित्र
कुखुरा चोर श्याल कराए,
चिडियाखानामा जकडिएर
व्रत बसेका सिंह डराए,
मान्छे हराए ! मान्छे हराए !!

(६)

छोरोलाई मोरो मान्ने,
आफूलाई चौता ठान्ने,

CC-0. In Public Domain. Digitization by eGangotri

जातपातको पगरी गुत्ने,
मर्ने वेला वुइँगेलमा सुत्ने,
बाबु बनेका वनियाँजीले
कन्यादानको कुरा संझे,
कुमारदानमा कम्मर कसे,
शंखमूलको भकारीमा वसे,
पुरोहितले सङ्कल्प पढे,
दर्शकको आँखा तस्वीरमा गडे,
मुर्दा लुछने चिल कराए,
मान्छे हराए! मान्छे हराए!!

(७)

अस्पतालको धारामा पानी सुक्यो,
साँडे पस्ता पाले लुक्यो,
बिजुली मुनि टुकी बाले,
ड्रेसर तन्ना च्यात्न थाले,
रित्तो भण्डारमा कम्पाउण्डर रन्के,
डाक्टरका मुखमा भिंगा भन्के,
मुर्दा- घरको ढोका हराए,
उपवास बसेका बिरामी डराए,
उभिण्डो परेका चमेरा कराए,
मान्छे हराए! मान्छे हराए!!

CC-0. In Public Domain. Digitization by eGangotri

(८)

शहर सफाइ , कौसी-धारा ,
टोल टोलमा अध्ययनशाला ,
बिजुली-चुल्हो, औषधिमूलो ,
एक पेट खाई लुगा लगाई ,
" हामी सारा भाइ भाइ "
भन्ने लेख्ने, छाप्ने टास्ने ,
नाइकेलाई चिठ्ठी लेख्ने ,
लेखको निम्ति सम्पादक डराए ,
छाप्ता छाप्तै पाठक हराए ,
' सहयोग ' भन्दै मेम्बर कराए ,
मान्छे हराए ! मान्छे हराए !!

[' हिमचूली ' वर्ष १ अङ्क १ , २०१६ फागुन ७]

CC-0. In Public Domain. Digitization by eGangotri

मन्दिरको जीर्णोद्धार भएर के भयो ?

- भूतको भिनाजु

जब –
महन्तको वैठक सिंगारिएन,
माइ - आमाले धाई वस्न पाइनन्,
जोगीका सन्तानले जागीर पाएनन्,
पुजारीको होटल चलेन,
वडानेले वाइसकल पाएन,
भँडारेको तलब थपिएन,
भजनियाँलाई भोज खुवाइएन,
भक्तमण्डलीले भण्डारा भेट्टाएनन्,
रण्डीले हुण्डी पाएनन्,
बाँदरको निति बङ्गाला बनेन,
तव –
मन्दिरको जीर्णोद्धार भएर के भयो ?

['हिमचूली' वर्ष १ अङ्क २, २०१६ चैत ७]

CC-0. In Public Domain. Digitization by eGangotri

तीन फुकुवाले दुनियाँ खाए !

- भू० भिनाजु

ब्रह्माजीको साइनु लाए,
आगो फुक्ने दर्जा पाए,
मालिकलाई निकै रिजाए,
शङ्ख फुक्तै घण्ट बजाए,
मौका पाए चुक्ली लाए,
कान फुक्नेमा नाम दराए,
नम्बरी पाए, तक्मा लाए,
तीन फुकुवाले दुनियाँ खाए !

['संगम' वर्ष १ अङ्क २, २०१७ आषाढ-श्रावण]

CC-0. In Public Domain. Digitization by eGangotri

समानता

– भू० भिनाजु

समानताको निम्ति
पहिलेको नेपालले
करिया मोचन गरचो !
अहिलेको नेपालले
अरू केही गर्न नसके पनि
फरिया मोचन त गरचो !
पछिको नेपालले
भरिया मोचन गरचो भनें-
भन्न पर्ला :–
'यसले चाहिं केही गरचो'
होइन भने—
समानता शब्द
अर्थैं विना मरचो ! मरचो !!

['साहित्य' वर्ष १ अङ्क ५, २०१७ भदौ-असोज]

CC-0. In Public Domain. Digitization by eGangotri

चोर

– भू० भिनाजु

विचारको बाहनाले
घोल्ली मात्र रहने
काम– चोर हुन् ।
कुरै नबुझी
बम्कदै हिड्ने
कुरा – चोर हुन् ।
सिकाउनेलाई
त्यही कुराको ब्याख्यान गर्ने
बुद्धि – चोर हुन् ।

['साहित्य' वर्ष १ अङ्क ५, २०१७ भदौ–असोज]

CC-0. In Public Domain. Digitization by eGangotri

यो नेपाल खाल्डो हो !

– भू० भिनाजु

(१)

चुच्चिएको , कुच्चिएको ,
गैरिएको , पैरिएको ,
एक नमूना –
नेपाल हो !
प्रकृति भन या परमेश्वरै मान ,
यो नेंपाल खाल्डो हो, खाल्डो !

(२)

समुद्र पुरेर शहर बसाल्ने युगमा ,
यहाँचाहिं खाड़लै मात्र खनिन्छ ,
स्वागत र सभ्यता भनिन्छ ,
खन्ने मानिस बुद्धिमान् गनिन्छ ,
यो नेपाल खाल्डो हो, खाल्डो !

CC-0. In Public Domain. Digitization by eGangotri

(३)

कोदो खाएका, लेप लाएका,
सहरका मूल सडकमा
राज्याभिषेकको खाडल
अझ पुरिएको छैन !
बसन्तपुरको गद्दीअगाडि
चिरिएको अडमिल्दो ढुङ्गो
बीच बाटोमा ठिंगो छ,
त्यसको नजीकै—
सांस्कृतिक खाडल खनिएको छ,
त्यो ढुङ्गोले, त्यो खाडल पुरिदिए
हिड्ने गुड्ने सबैको भलो हुन्थ्यो,
पुर्ने कुरो कल्ले सुन्थ्यो !
यो नेपाल खाल्डो हो, खाल्डो !

(४)

यहाँका मानिसको खोपडीमा
खाडल परेको छ,
भर्नेले पनि गोबरले भरेको छ,
त्यो सुक्छ, उकिन्छ,
खाल्डोको खाल्डै हुन्छ,
यो नेपाल खाल्डो हो, खाल्डो !

['रूपरेखा' वर्ष १ अङ्क २, २०१७ भदौ-असोज]

CC-0. In Public Domain. Digitization by eGangotri

निम्तालुमा नाम दरिएन !!

तने वासे–उर्फ–भू० भि०

(क)

कखरासम्म नखारेकी कप्तान्नीले ,
कवि - सम्मेलनको निम्ता पाइन् ।
ज्वाइँ-साहबको धक्कु लाइन् ,
चिनियाँ-पुतली हाँस्तै आइन् ,
कविता सुन्दै अलख मिलाइन् ,
विश्राम पारी पाउडर लाइन् ।
आफूचाँहि –
निम्ता दिनेको नाता परिएन ,
त्यसैले होला—
निम्तालुमा नाम दरिएन !

CC-0. In Public Domain. Digitization by eGangotri

(ख)

बागबजारमा बरफ बेच्नेले
पार्टी - सदस्यको नाता लायो,
अतिथि - सत्कार समितिमा ठाउँ पायो,
थर्मस थन्क्याई सिंहदरबार धायो,
बिदाइ भोजमा दुई बोतल खायो।
आफूले त—
झण्डा बोक्ने काम गरिएन,
अनि—
निम्तालुमा नाम दरिएन !

(ग)

सांस्कृतिक कार्यक्रममा हुल्याहा आए,
मेच ठटाए, सिठ्ठी बजाए।
गण्यको लहरमा ड्राइभर आयो,
बल्कोनीमा बस्न पायो।
मान्यको निम्तो पुरोहितले पाए,
टोलभरीमा धक्कु लाए।
बदाम बेच्ने साहू गनिए,
तमाखु पसले महाजन भनिए,
दरबारिया ढोके आयो,
धाकले गर्दा निम्ता पायो।
कलाकारमा बाङ्गे आयो,
काउचमा बसी भटमास खायो।

CC-0. In Public Domain. Digitization by eGangotri

विदेशी प्रतिनिधि हजाम आयो,
चून मिसाई सुर्ती खायो ।
खास्नीको निम्तोमा लोग्ने आयो,
प्रगतिशीलको पदवी पायो ।
हल्ला गर्ने, साइनु पर्ने,
सबका सबले निम्ता पाए !
भूल आपनै हो—
मौका छोपी चाकरी गरिएन,
निम्तालुमा नाम दरिएन !

['शारदा' वर्ष २५ अङ्क १, २०१७ कात्तिक]

CC-0. In Public Domain. Digitization by eGangotri

म अस्पताल भर्ना हुन्छु !
मान्छे भएर एक छिन बाँच्छु !!

– भू० भिनाजु

म निरोगी छैन ,
न त महारोगी नै छु ,
तैपनि -
म अस्पताल भर्ना हुन्छु !
मान्छे भएर एक छिन बाँच्छु !!
हल्का खान्छु , सफा लाउँछु ,
भ्यालमा बसी भ्याउरे गाउँछु ,
रेडियो सुन्छु , छापा पढ्छु ,
बगैचा घुम्छु , काउचमा उड्छु ,
सिराने-दराज फलफूलले भर्छु ,
लेख , कविता लेख्ने गर्छु ,

CC-0. In Public Domain. Digitization by eGangotri

पुतली आई डिग्री हाल्दा —
मुसुक्क हाँसी माया माग्छु ,
घडी हेर्दा मुदु छाम्छु ,
नाडी छाम्दा आँखाले भन्छु —
" के म पनि मान्छे हुन्छु ? "
प्रेम परमेश्वर हो भने —
त्यसलाई अङ्कमाल गर्छु ,
सपनामा या कल्पनामा होइन ,
विपनामै मान्छे बस्ने महल हेर्छु !
म आजै जान्छु ,
अस्पताल भर्ना हुन्छु !
मान्छे भएर एक छिन बाँच्छु !!

['कोपिला' वर्ष २ कोपिला २ , २०१८ बसन्त]

CC-0. In Public Domain. Digitization by eGangotri

बन्छ भने

.....भन्छ

— भू० भिनाजु

खारिएको फलामले
तरबार बन्छ भने —
निखारिएको गरीबको रगतले
दरबार बन्छ !
सिंगारिएको महलले
आज यही कथा भन्छ !

['बगैंचा' अङ्क २, २०१८ असोज-कात्तिक]

CC-0. In Public Domain. Digitization by eGangotri

के चाहन्छौ ?

— भू० भिनाजु

काम चाहन्छौ , गधा भएर मर्छौं !
नाम चाहन्छौ , गाई बनेर दुहिन्छौ ।
माम चाहन्छौ , कुकुर बनेर जुत्ता चाट्छौ !
राम चाहन्छौ , रोई रोई मर्छौं !
अब तिमी के चाहन्छौ ?

['रचना' रेखा १ विन्दु १, २०१८ हेमन्त र शिशिर]

CC-0. In Public Domain. Digitization by eGangotri

भ्यागुते – भजनमाला

('भजमन नारायण हरिशिव शंकरम्' को लयमा)

प्रथम अवतार प्रभु सुङ्गुर रूप धारणम्
बस्न नपाइ घेरा हाल्दा इट्टा अगि सारनम्
द्वितीय अवतार प्रभु कुक्कुर रूप धारणम्
रित्तो लपेस चाट्न पाउँदा मारामार्को कारणम्
तृतीय अवतार प्रभु गदाहा रूप धारणम्
ढाड भाँची भारी बोकी घण्ट बज्नु कारणम्
चतुर्थ अवतार प्रभु सांढे रूप धारणम्
बजार बाली लुटी-लुटी आपनै पेट पालनम्
पंचम अवतार प्रभु शण्ठ रूप धारणम्
रक्सी रण्डी बाह्रमासे जिन्दगीको कारणम्
षष्ट अवतार प्रभु साहू रूप धारणम्
मौका पारी गरीब मारी राहु बन्ने कारणम्
सप्तम अवतार प्रभु सिनेमा रूप धारणम्
भित्ता फोरी जुत्ता चोरी हेर्नै पर्ने कारणम्
अष्टम अवतार प्रभु होटेल रूप धारणम्
चास्नी चिया दूधमहाँ भिङ्गालाइ तारणम्

CC-0. In Public Domain. Digitization by eGangotri

नवम अवतार प्रभु मन्दिर रूप धारणम्
दिसा पिसाव फोहोर सारा जम्मा गर्नु कारणम्
दशम अवतार प्रभु नेता रूप धारणम्
कामभन्दा कुरा धेरै गर्न जान्ने कारणम्
एघार अवतार प्रभु लेखक रूप धारणम्
कोश लेखी जोश पोखी होश शून्य कारणम्
"भजमन नारायण हरि शिव शंकरम्"

भजनकार— 'भेना'
लयकार— 'अनौरिखी'
वाद्यकार— गोबरगणेश

['रूपरेखा' वर्ष ३, अङ्क ८, २०१९ पुस १ गते]

CC-0. In Public Domain. Digitization by eGangotri

म लामो कुरो जान्दिन !

– भू० भिनाजु

(१)

धोका धक्कु धम्कीलाई,
धर्म शब्दमा चट्ट मिलाई,
व्याख्यान गर्ने पण्डितलाई,
उल्टो सुल्टो लप्वा ख्वाई,
मेरो भन्नु यत्ति छ —
रातलाई दिन ठान्दिन,
त्यस्तो धर्म मान्दिन,
म लामो कुरा जान्दिन !

CC-0. In Public Domain. Digitization by eGangotri

(२)

अर्थै नबुझी नारा घोक्ने,
चन्दा उठाई रक्सी घोक्ने,
ज्याला पाए जुलुस हाँक्ने,
अरोट अनुसार भाषण छाँटने,
मौका पारी दुनियाँ ढाँटने,
ढोका ढुक्तै मन्त्री ताक्ने,
देश—सेवाको मखुन्डो भिर्ने,
बलियो देखे टाङमुनि छिर्ने,
स्याललाई सिंह मान्दिन,
म लामो कुरा जान्दिन !

(३)

शब्द फुटाई, गाली, ढाली,
दुनियाँभरका बुट्टा हाली,
होस विनाको कोश बनाई,
जोशसंग पढ्ने पङ्तिलाई,
कविता कहिल्यै मान्दिन,
तिमीलाई कवि ठान्दिन,
म लामो कुरा जान्दिन !

['बिहान' वर्ष १ अङ्क २, २०२० साउन - भदौ - असोज]

CC-0. In Public Domain. Digitization by eGangotri

'मेरो मगजमा कीरा पऱ्यो' ?

—भिनाजु [भू०पू०ले०]

रगरग सकसक रगरग सकसक
गरीरहन्छ, गरीरहन्छ ।
धामी आयो ढ्याङ्ग्रो ठटायो,
देब्रे हातले नाक समायो,
कुलद्यौताको भाकल भकायो ।
झाक्री आयो झाँक्रा फिज़ायो,
टुपीको टुप्पो टप्प समायो,
वायुदेवको दोष बतायो ।
ज्योतिषि आयो चिना मगायो,
साडेसातको अन्त्य जनायो ।
हात-हेर्नेले खड्गो देख्यो,
शान्ति गर्ने सर्दाम लेख्यो ।
पुरेतजीले मुख मिठ्याए,
पायस - मिश्रित होम बताए !

CC-0. In Public Domain. Digitization by eGangotri

दाँयाँ छाम्दै वैद्यराज बोले –
मुटुको ढुकढुक्क बन्दैछ ।
करङ छाम्दै कविराज बोले —
पेटमा वायु बढ्ता छ ।
आन्द्रो लाउँदै डाक्टर बोले —
आन्द्रा सारा गुटमुटिएछ ।
रगत जँचाएँ — रातो भनियो,
पिसाव जाँच्ता — पहेंलो ठहरियो ,
दिसा जाँचे — दुर्गन्ध आयो ,
मेरो मगजमा कीरा परयो ?
रगरग सकसक रगरग सकसक
गरीरहन्छ, गरीरहन्छ ।
मेरो मगजमा कीरा परयो ?
कपाल कन्याउँदा जम्रा झरयो !!

['भूतपूर्व – सैनिक' वर्ष ३ अङ्क २ , २०२३ कार्तिक]

CC-0. In Public Domain. Digitization by eGangotri

नैवेदय !

" जाग जाग "

– धरणीधर

(१)

जाग जाग अब जागन जाग ।
लाग उन्नतिविषे अब लाग ॥
घोर नीद अब ता परित्याग ।
भो भयो अति सुत्यौ अब जाग ॥

(२)

देशबन्धुहरूहो, उठ जाग ।
लाग उन्नतिविषे अब लाग ॥
धोउ धोउ मनको अब मैलो ।
फालिदेउ डरको अब थैलो ॥

(३)

जाग जाग अब जागन जाग ।
लाग उन्नतिविषे अब लाग ॥
हेर लौ अरूहरू सब जागे ।
देश उन्नतिविषे सब लागे ॥

['प्रतिध्वनि' वर्ष ३ अङ्क ६ पूर्णाङ्क २५, २०२३ पुस]

CC-0. In Public Domain. Digitization by eGangotri

भेटी !

"भाग भाग"

– भिनाजु

(१)

भाग भाग सब भागन भाग ।
लाग मारपिटमा अब लाग ॥
भोर भो सब उठे अब भाग ।
भो भयो अति लड्यौ सब भाग ॥

(२)

भुक्तभोगीहरूहो, सब भाग ।
लाग मारपिटमा अब लाग ॥
फोउ फोउ धनको अब थैलो ।
घेरियौ यदि भने भन भैलो ॥

(३)

भाग भाग सब भागन भाग ।
लाग मारपिटमा अब लाग ॥
हेर लौ उनीहरू पनि भागे ।
लेखुवाहरू उघोतिर लागे ॥

['प्रतिध्वनि' वर्ष ३ अङ्क ६ पूर्णाङ्क २५, २०२३ पुस]

CC-0. In Public Domain. Digitization by eGangotri

साइत ?

— भिनाजु

आगो जस्ता,
पानी जस्ता,
सागभन्दा घेरै सस्ता !
जल्दाबल्दा ज्योतिषीले,
धुलौटो सिलौटो सबै कोरे –
जन्मने मर्ने साइत हेरे।
कतिको चिना टिप्पनै फेरे,
अन्धाहल्ले उनलाई घेरे,
कैयन कुरामा ठोकुवा गरे !
घेरैले भर विश्वास पनि गरे।
हो, —
एक दिन ता गर्नु नगर्नु गरे !

CC-0. In Public Domain. Digitization by eGangotri

विचरा !
एक दिन –
आफ कुसाइतमा परे,
कुकुर मरे जस्तै मरे !
यो अस्तिको कुरो हो।
यसलाई सिपाहीले बुझे,
विद्वान्‌ले पटक्कै बुझेनन्।
यिनै सिगानेले,
अरुलाई बुझाउन खोज्नु -
मनु हो मनु !
आफ्नो श्राद्ध आफैले गनु !

['पंचायत झलक' वर्ष १ अङ्क १३, २०२३ फागुन]

CC-0. In Public Domain. Digitization by eGangotri

किन ?

— भिनाजु

(अ)

बाहुन —
मन्दिर – ढुकेर वेद पाठ गर्छ,
पादरी —
चर्चमा बसेर वाइविल रट्छ,
मौलवी —
मस्जिदमा गएर कुरान फलाक्छ,
लामा —
गुंबाभित्र पसेर कंग्यूर — तंज्यूर घोक्छ,
हो ।
कोही केही गर्छ त
कोही केही गर्छ,
यो कुरो मान्नै पर्छ ।
त्यसैले,
एक थोक गर्नेले
अर्को थोक गर्नेलाई
किन होच्याउनु ?
किन ओठ लेप्रचाउनु ?
किन नाक चेप्रचाउनु ?

CC-0. In Public Domain. Digitization by eGangotri

(उ)

जम्मादेखि हात्तीसम्म
कोही मारेर खान्छन्
कोही मरेको खान्छन्
आखिर —
खान त खान्छन् खान्छन् ।
एक थोक खानेले
अर्को थोक खानेलाई
किन होच्याउनू ?

(ऊ)

द्यौता होस् या नेता , हाकिम्
एउटालाई मालिक मानी
आँखा चिली तारीफ गर्ने
लेखक भनिने जन्तुले
अर्कालाई किन होच्याउनू ?
लुत्याहा कुकुरले
कानो कौवालाई
किन देखिनसहनू ?
किन गिज्याउनू ?

['पञ्चायत झलक' वर्ष १ अङ्क १४, २०२३ चैत ७]

CC-0. In Public Domain. Digitization by eGangotri

'हिजो – आज'

—म

भूपी मुक्तक कविता लेख्छन् ।
भू० भि० तुक्तक् के के कोर्छन् ?
पुच्चापुच्ची अल्को चोर्छन्,
लुच्चा विद्वान् अनुवाद गर्छन् ।
कठिन कविता पढ्दा कोही,
लेखकलाई लम्फू भन्छन् ।
लेख्ने मान्छे पढ्नेलाई,
मूर्खहरूमा गन्ती गर्छन् ।
बुज्रुक बन्ने मौका छोपी,
एकथरि मान्छे मुसुमुसु हाँस्छन् ।
पारखी पाठक डाढो गर्छन्,
गुवक औंला ठाडो गर्छन् ।
बुझ्न नसक्नु कसको दोष ?
लेख्नेको कि पढ्नेको ?
बोक्न नसक्नु कसको दोष,
भारीको कि भरियाको ?

['साहित्य-धारा' वर्ष २ अङ्क ५, २०२४ फागुन - चैत - वैशाख]

CC-0. In Public Domain. Digitization by eGangotri

एक , दुई , तीन !!! (भाग)

"म"

(एक)

साथी खोज्ने धोको बोकी ,
मर्दा - पर्दा थाप्लो थापी ,
पछि पछि धाएँ , तारीफ गाएँ ,
मैले साथी धेरै बनाएँ ।
बन्ने साथी थोरै पाएँ ,
धोका , हण्डर निक्कै खाएँ !

(दुई)

' म ' — को सुन्थ्यें महाभारत ,
' हामी ' — को रामायण ।
' तँ ' — को गरुडपुराण चल्थ्यो ,
' अहं ' — को बन्थ्यो खस्थानी ।
सुन्दा सुन्दा पक्क परी ,
एक्लै हाँस्थ्यें छक्क परी ।

CC-0. In Public Domain. Digitization by eGangotri

(तीन)

घ्याम्पा भित्रको केरा जस्तै
पाकनसम्मन पाकें म !
मुखको एउटा मनको अर्कै —
व्यवहार देख्ता थाकें म !
फूलदान थिए, साथी तिम्रो !
फिकदान बनें लौ आफै म ।

['प्रतिध्वनि,' वर्ष ५ अङ्क १ पूर्णाङ्क २९ , २०२४ वैशाख]

CC-0. In Public Domain. Digitization by eGangotri

?

— म

राम्रो लाए, मीठो खाए,
पैसा पाए, नाम कमाए,
डाहा गर्ने, दागा धर्ने,
आपनै-पर्ने मान्छे हुन् ती ?

['प्रतिध्वनि' वर्ष ५ अङ्क ५ पूर्णाङ्क ३३ , २०२४ भदौ]

CC-0. In Public Domain. Digitization by eGangotri

घर्तीको अर्ती !

— म

हो ,
ठाउँ पारी मान्छे काटे
नामका साथै इनाम पाइन्छ !
तर ,
कुठाउँमा कुरा काटे
उल्टो लप्वा खाइन्छ !

['प्रतिध्वनि' वर्ष ५ अङ्क ५ पूर्णाङ्क ३३ , २०२४ भदौ]

CC-0. In Public Domain. Digitization by eGangotri

म

– म

सिंहदरबारको भाषामा 'बढ्ता' छु
कलेजको कथनमा 'कम'!
मट्यांरो मट्यांरै हो,
न भकुण्डो न त बम !

['प्रतिध्वनि' वर्ष ५ अङ्क ५ पूर्णाङ्क ३३ , २०२४ भदौ]

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई लाग्छ !

[आधुनिक कविता]

– म कवि

'मलाई लाग्छ !'
यो
मदिसे कुरामा सिपालु
नेपालीका सिकारु
भलादमीहरूको थेको हो।
हो,
मलाई लाग्छ —
आजका उन्मुक्त केटाकेटीले
मुक्तक छन्दमा
खोकी र खकारमाथि लेखेका कविता
प्रगतिको पुछारबाट थालिएका जस्ता
मलाई लाग्छ।

['चिठी-चपेटा' बाट]

CC-0. In Public Domain. Digitization by eGangotri

बस् !

[अत्याधुनिक कविता]

– म कवि

बस् !
घण्टा – घरमा
सवा – नौ ,
बाह्र ,
पौने – तीन ,
साढे – छ ,
बज्यो ।
बस् !

['चिठी - चपेटा' बाट]

डा: डिल्ली रमण रेग्मी
कल्याणी रेग्मी स्मारक
पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

भूत छैन

नामर्दीसंग आफु नै तँ नडरा, आफैं तँ आत्मा नपोल् पन्छा अन्ध विचार कन्थ – चिथडा, आफैं तँ झूटो नबोल् आजै ए डरपोक मानव! यती गर्छस्भने साच्चि नै भन्छू – 'कल्पित शत्रु भूत अब यो संसारमा छैन नै'

— म

['भूत छैन' बाट]

CC-0. In Public Domain. Digitization by eGangotri

महाकाव्य

– म

हजूर ?

हजूर !

हस् ।

['प्रतिध्वनि' वर्ष ५ अङ्क ५ पूर्णाङ्क ३३, २०२४ भदौ]

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :— रूपायन प्रकाशन पो०ब०नं० १६९ ज०पो०ब० काठमाडौं

वासुदेव

लेखक —
भूत छैन
चिठी – चपेटा

अनुवादक —
वैराग्य शतक
नीति शतक

सम्पादक —
श्री जुद्धोदय पब्लिक हाइ स्कूल पत्रिका

प्रकाशक —

(क) जीवन गीत
(ख) श्री ५ त्रिभुवन
(ग) बौद्ध दर्शनको रूपरेखा
(घ) काउकुती
(ङ) अंग्रेजी नेपाली कोश
(च) ऋषिकुल आश्रम
(छ) दुई धारा !!

प्रोप्राइटर —
'कौवा – प्रकाशन'